# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०६।०७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बर्दिया, साविक मैनापोखर गा.वि.स. वडा नं. १ हाल बढैयाताल गाउँपालिका वडा नं. ६ मा चिरकु तेलीको नाउँमा २०४३ साल अघी २ बिगाह ६ कट्ठा जग्गा रहेकोमा निजको २०४३ सालमा मृत्यू भई निजको हकखाने कानूनी हकवाला कोही नभई स्थानीय तहको नाउँमा जानुपर्नेमा भुमिसुधार तथा मालपोत कार्यालयको निर्णयबाट व्यक्ति विशेषको नाउँमा दर्ता गरी बिक्री वितरण गरिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा २०४३ सालमा चिरकु तेलीको मृत्यु भई मुलुकी ऐन, २०२० को अपुतालीको महलको १ नं., २ नं. र ३ नं. तथा मुलुकी देवानी संहिता, २०७४ को दफा २३७ वमोजिम निजको अपुताली खुल्ला भई सोही संहिताको दफा २३८ र २३९ बमोजिमको हकवालासमेत नभई सोही संहिताको २३९(१) बमोजिम सो अपुताली सम्बन्धित स्थानीय तहको हुने गरी भूमिसुधार तथा मालपोत कार्यालय बर्दियाले सोही संहिताको दफा २३९(७) र (८) बमोजिम हुनेगरी निर्णय गर्नुपर्नेमा सोबमोजिम नगरी सोही संहिताको दफा २५० बमोजिमको हदम्यादसमेत नभएको अवस्थामा बदनियतसाथ कानुनबिपरीत हकवाला कायम गरी जग्गा हालसाविक नामसारी गरी भ्रष्टाचार गरेको कसुरमा संलग्न प्रतिबादीहरुको हकमा निम्न बमोजिम सजायको मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

निम्न:

(क) **भूमिसुधार तथा मालपोत कार्यालय बर्दियाका कार्यालय प्रमुख भिम बहादुर खत्री र ना.सु. रुद्रसेन साहुले** मिति २०७७।१२।३ मा स्व. चिरकु तेलीको नाममा रहेको निजको मृत्यु पश्चात स्थानीय तहको हक स्वमित्वमा जानुपर्ने जग्गा (सरकारी वा सार्वजनिक सम्पत्ति) जैनव तेलीको नाममा अस्थायी जग्गाधनी कायम गरी सैजाद अलि तेलीको नाममा हक हस्तान्तरण गर्ने गरी गरेको निर्णय भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) (ज) बमोजिम कसूरजन्य कार्य भएको हुँदा त्यसरी हक हस्तान्तरण गरेको जग्गाको न्यूनतम मूल्याङ्कीत रकम रु.५४,८०,७५९।- (चवन्न लाख असी हजार सात सय उन्साठ्ठी रुपैयाँ) बिगो कायम गरी निजहरुउपर ऐ ऐनको दफा ८ को उपदफा (१) वमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही दफा ८(१) बमोजिम निजहरुबाट बिगो असुल उपर हुन मागदावी लिइएको छ।

(ख) **जिल्ला बर्दिया, बढैयाताल गाउँपालिका वडा नं. ६ बस्ने सैजाद अलि तेली र जैनव तेलीले** स्व. चिरकु तेलीको नाममा रहेको जग्गा निजको मृत्यु पश्चात आफू हकवाला नभएको र हदम्यादसमेत नभएको अवस्थामा समेत आफ्नो नाममा हुनुपर्ने माग दावी गरी जिल्ला प्रशासन कार्यालय, बर्दिया र भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियामा निवेदन दिने, गैरकानुनी प्रमाण जुटाउने र गैरकानुनी तवरले आफ्नो नाममा नामसारी गर्ने गराउने कार्यमा संलग्न रहेको र सोवापत लाभ समेत प्राप्त गरेको देखिएकोले निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिमको कसुरको मतियार भई ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांस बमोजिमको कसुर गरेको देखिएकोले निजहरु जैनव तेली तथा सैजाद अलि तेलीलाई ऐ ऐनको दफा ८ (१) बमोजिम हुने सजायमा बिगो रु.५४,८०,७५९।- (चवन्न लाख असी हजार सात सय उन्साठ्ठी रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांस बमोजिम

मुख्य कसुरदार सरह कैद तथा बिगो बमोजिम जरिवानाको सजाय हुन एवं बदनियत साथ गलत नियतले जैनव तेलीका नाममा अस्थायी निस्सा कायम गरी सैजाद अलि तेलिका नाममा नामसारी हालसाविक भएको उल्लेखित बढैयाताल गा.पा. वडा नं. ६ को कित्ता नं. ३१४,७४४,७३२,६१२,६३६,१९५०/१९९१ का जग्गाहरु सोही ऐनको दफा ४७ वमोजिम जफत गरी मुलुकी देवानी संहिता, २०७४ को दफा २४८ बमोजिम सम्बन्धित स्थानीय तहको नाममा हक हस्तान्तरण हुन मागदावी लिइएको छ।

(ग) **बढैयाताल गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष रामहरष थारुले** स्व. चिरकु तेलीको नाममा रहेको अपुताली जग्गा जैनव तेली तथा सैजाद अली तेलीको नाममा हक हस्तान्तरण गर्न सिफारिस, सरजमिन, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र लगायतका कागजातहरु तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको कसुरका कसुरदार भिमबहादुर खत्री र रुद्र सेन साहूलाई सहयोग गरेको देखिएकोले निजउपर ऐ ऐनको दफा २२ बमोजिम मतियारको रुपमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) ले हुने सजायमा ऐ ऐनको दफा २२ बमोजिम मुख्य अभियुक्तलाई हुने सजायको आधा सजायको मागदावी लिइएको छ।

(घ) **बाँसगढी नगरपालिका वडा नं. ८ बर्दिया बस्ने अञ्जना दाहालले** सैजाद अली तेलीसँग जग्गा खरिद बिक्री गर्ने कार्यमा संलग्न रहेको भएतापनि निज अन्जना दाहालले उल्लेखित जग्गा सैजाद अलि तेलीको नाममा दर्ता गर्ने क्रममा कुनै भूमिका निर्वाह गरेको नदेखिएको तर उक्त जग्गामध्ये कि.नं. १९५० को ४१४५ ब.मि. जग्गा निज सैजाद अलि तेलीबाट निज अन्जना दहालले राजीनामा पास गरी लिएको र उक्त जग्गामध्ये बढैयाताल गा.पा. वडा नं. ६ को कित्ता नं. १९५०/१९९१ को ४२३.३० ब.मी. जग्गा सैजाद अलि तेलीकै नाममा फिर्ता पास गरी हालसम्म पनि बढैयाताल गा.पा. वडा नं. ६ को कित्ता नं. १९५०/१९९२ को ३७२१.७० ब.मि. जग्गा निज अन्जना दाहालको नाममा देखिएकोले उक्त जग्गा मुलुकी देवानी संहिता २०७४ को दफा २४८ बमोजिम स्थानीय तहको हुने देखिएको हुँदा निजको नाममा रहेको उक्त जग्गा जफत गरी सम्बन्धित स्थानीय तहको नाममा हक हस्तान्तरण गर्ने प्रयोजनका लागि निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम प्रतिवादी कायम गर्ने मागदाबी लिइएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी